वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

भाग २, खण्ड ३, संख्या ११ मिति २०७७।१०।०४

## भाग–२

# वीरेन्द्रनगर नगरपालिका
# आधारभूत तथा माध्यमिक शिक्षा
# नीति, २०७७

### कानुनी आधार र मार्गदर्शक सिद्धान्त

१. नेपालको संविधान २०७२ को धारा ३१ मा प्रत्येक नागरीकलाई आधारभूत तहको शिक्षामा पहुंचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपाङ्गता भएका र विपन्न नागरीकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षाको हक, दृष्टिविहीनलाई ब्रेललिपी र बहिरा एवम् बोली सम्बन्धी अपाङ्गता भएकालाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षाको हक र आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने मौलिक हकको प्रावधान रहेको छ ।

२. नेपालको संविधान २०७२ को धारा ५१ खन्ड ज नागरीकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउंदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र नागरीकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्धन गर्नको लागि गरिएकोसंवैधानिक प्रावधान ।

३. नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ संग सम्बन्धित रही अनुसूची (८) मा गरिएकोस्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको सूची ।

४. संयुक्त राष्ट्र संघको अगुवाइमा सन् २०१५ देखि संचालित दिगो विकासको लक्ष्य अन्तर्गत लक्ष्य नम्बर ४ मा समावेशी तथा समातामूलक गुणस्तरयुक्त शिक्षाको सुनिश्चितता गर्ने एवम् आजीवन सिक्ने भावनाको अभीबृद्धि गर्नको लागि शिक्षा सम्बन्धी तय गरिएकोलक्ष्य ।

५. नेपाल सरकार शिक्षा मन्त्रालयबाट मिति २०७३।७।८ मा स्वीकृत भई आ.व. २०७३।०७४-२०७९।०८० सम्म देशैभरी लागू रहेको विद्यालय क्षेत्र विकास योजनाको राष्ट्रको सामाजि, आर्थिक रुपान्तरणको लागि आवश्यक स्वावलम्वी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दूरदृष्टि ।

६. स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ ज मा उल्लेखित नगरपालिकाको काम, कर्तव्य र अधिकारको सूची ।

७. राष्ट्रिय शिक्षा प्रणाली, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा सम्बन्धी संघिय, प्रादेशिक ऐन, नियम, प्रतिवद्धता तथा घोषणाहरु नगर शिक्षा नीतिका मार्गदर्शक सिद्धान्त रहनेछन् ।

## दीर्घकालीन सोंच

## शिक्षामा पहुँच, समता र गुणस्तर : समृद्ध र समुन्नत विरेन्द्रनगर

### लक्ष्य

विद्यालय शिक्षाको सञ्चालन र व्ययवस्थापनमा सुधार गरी नमुना विद्यालय र नमुना शैक्षिक अभ्यास मार्फत विद्यालय शिक्षामा प्रर्वद्धन गरी वीरेन्द्रनगरलाई शैक्षिक हवका रुपमा स्थापित गर्ने ।

### उद्देश्यहरु

१. ६ वर्षको साक्षरता दर सतप्रतिसत कायम गर्ने

२. प्रत्येक समुदायस्तरमा जिवनपर्यन्त शिक्षाको अवसर सुनिश्चत गर्न संस्थागत प्रवन्ध गर्ने

३ विद्यालय तहमा सतप्रतिसत भर्नादर कायम गर्ने

४ प्रत्येक वडामा कम्तिमा एकवटा नमुना विद्यालय स्थापना गर्ने

५ प्रत्येक विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था विकास गर्ने

६ प्रत्येक विद्यालयमा प्राज्ञिक स्तरको विकास मार्फत शैक्षिक गुणस्तरमा वृद्धि गर्ने

# वीरेन्द्रनगर नगरपालिकाले अवलम्वन गर्ने नीतिहरू

**नीति १**

१. प्रारम्भिक वाल विकास र शिक्षामा सवै वालवालिकाहरुको सर्वसुलभ पहुँच सुनिश्चित गरी प्रारम्भिक वाल विकास र शिक्षालाई वालवालिकाको सर्वागिंण विकासको आधारको रुपमा विकास गर्ने ।

**रणनीति १**

१. विद्यालयमा आधारित वालविकासको पहुँच विस्तार गरी वाल स्याहार,स्वास्थ्य, पोषण शिक्षा र विकास कार्यक्रमलाई एकिकृत रुपमा सञ्चालन गरीनेछ । ।आवश्यकता अनुसार समुदाय स्तरमा समेत शिशु कक्षा, पूर्व वाल विकास तथा शिक्षा कक्षा सञ्चालन गर्न सकिनेछ ।

**कार्यनीतिहरु**

१.१ वालवालिकाहरुको सर्वांगिण व्यक्तित्व विकासको पूर्वाधारका रुपमा वाल विकास र शिक्षा कार्यक्रमको सुदृढिकरण गरीनेछ । साथै ४ बर्ष उमेरका सवै बालबालिकालाई १ बर्षको बालबिकास तथा शिक्षामार्फत आधारभूत शिक्षाको लागि तयार पारिनेछ ।

१.२ प्रत्येक विद्यालयमा कम्तिमा एउटा प्रारम्भिक वाल विकास र शिक्षा कक्षाको विस्तार गरीनेछ ।आवश्यकता अनुसार समुदाय स्तरमा समेत शिशु कक्षा पूर्व वाल विकास तथा शिक्षा कक्षा सञ्चालन गर्न सकिनेछ ।

१.३ प्रत्येक प्रारम्भिक वाल विकास र शिक्षामा वालमैत्री वसाइ व्यवस्थापन, खेलकुद तथा शैक्षिक सामग्री, स्थानीय स्तरमा उत्पादित तथा उपलव्ध पोषणयुक्त दिवाखाजा, स्वास्थ्य परीक्षणको नियमित व्यवस्थापन गरीनेछ ।

१.४ संघीय सरकार र कर्णाली प्रदेशको शिक्षा नीतिको आधारमा प्रारम्भिक वाल विकासका शिक्षकको न्यूनतम् पारिश्रमिक तथा अन्य सेवा सुविधाको व्यवस्था गरीनेछ ।

१.५ प्रारम्भिक वाल विकासका शिक्षकको न्यूनतम् योग्यता प्रवेशिका परीक्षा उर्तीण कायम गरीनेछ

१ ६ प्रत्येक प्रारम्भिक वाल विकास र शिक्षामा नगरपालिकाको आर्थिक सक्षमतालाई ध्यानमा राखी कम्तिमा एकजना आयाको व्यवस्था गरीनेछ ।

**नीति २**

२ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सवै वालवालिकाहरुको पहुँच सुनिश्चित गर्ने ।

**रणनीति**

२.१ प्रत्येक सार्वजनिक विद्यालयको जोनिंग गरी उक्त जोनिंग क्षेत्रमा स्थायी वसोवास गर्ने वालवालिकाहरुको लागि अनिवार्य तथा निशु:ल्क आधारभूत शिक्षाको सुनिश्चतता गरीनेछ ।

२.२ प्रत्येक संस्थागत विद्यालयहको जोनिंग गरी संस्थागत विद्यालयवाट प्रदान

गरीने छात्रवृति जोनिंग क्षेत्रका स्थायी वसोवास गर्ने वालवालिकाहरुलाई पहिलो प्राथमिकतामा राखी प्रदान गरीनेछ ।

२.३. प्रत्येक घर परिवारसम्म शिक्षण सिकाइको लागि न्यूनतम् शैक्षिक भौतिक पूर्वाधार विकास गरीनेछ ।

**कार्यनीति**

२.१.१. ५ वर्षदेखि १२ बर्षसम्म उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुंच सुनिश्चित गरीनेछ ।

२.१.२ जोनिंग क्षेत्रका विद्यार्थीहरुलाई भर्ना गरी अनिवार्य तथा निशुल्क आधार भूत शिक्षाको व्यवस्था गर्ने दायित्व सम्वन्धित सार्वजनिक विद्यालयवाट वहन गरीनेछ ।

२.१.३. कर्णाली प्रदेश सरकारसँगको साझेदारीमा सार्वजनिक विद्यालयहरुमा न्यूनतम् कक्षागत र विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरीनेछ ।

२.२.१. संस्थागत विद्यालयहरुलाई सेवामूलक रुपमा सञ्चालन गर्न प्रोत्साहित गरीनेछ। संस्थागत विद्यालयमा लागत उठ्ती अवधारणाका आधारमा विद्यार्थी शुल्क निर्धारण गरीनेछ ।

२.२.२. सार्वजनिक तथा संस्थागत विद्यालय साझेदारीलाई जोड दिइ आधारभूत तहमा सार्वजनिक पूर्वाधारमा संस्थागत व्यवस्थापनका आधारमा कल्याणकारी अवधारणामा विद्यालय सञ्चालन विधिलाई प्रोत्साहित गरीनेछ ।

२.२.३. नगरस्तरमा संचालित तथा संचालन हुन चाहने संस्थागत विद्यालयहरुले नगरपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न,गरीब,दलित तथा सिमान्तकृत समुदायका बालबालिकालाई ऐन,नियमावलीले तोकेको निश्चित कोटामा निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरीनेछ ।

२.२.४. अपागगता भएका वालविलकाहरुका लागि सञ्चालित स्रोत कक्षा र सिद्ध वालकको स्कूलमा न्यूनतम् शैक्षिक पूर्वाधारको विकास गरी वालवालिकाहरुको प्रभावकारी पठनपाठनको प्रवन्ध गरीनेछ ।

२.२.५. सिमान्तकृत समुदायका वालवालिका अनाथ र असहाय वालवालिका तथा अति विपन्न परिवारका वालवालिकाको गुणस्तरीय शिक्षामा शैक्षिक पहुँच सुनिश्चित गर्न आवासीय तथा दिवा आवाशीय पठनपाठनको लागि विद्यालय नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरीनेछ ।

२.२.६. आधारभूत तहको विद्यालयका लागि न्यूनतम् ५ कट्ठा र माध्यिमक विद्यालयका लागि साधारतर्फ न्यूनतम् १० कट्ठा र प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालयमा न्यूनतम् १ विघा जग्गा विद्यालयको नाममा हुने सुनिश्चितता गरिनेछ ।

२.२.७. सामुदायिक विद्यालयमा कक्षागत रुपमा नयूनतम् २० जना र संस्थागत विद्यालयमा कक्षागत रुपमा न्यूनतम् १० जना विद्यार्थी हुनैपर्ने र उक्त विद्यार्थी

संख्या नहुने विद्यालयको कक्षा र तह नजिकको विद्यालयमा प्रत्येक शैक्षिक सत्रको चैत्र महिना भित्र सार्ने गाभ्ने र समायोजन गर्ने नीति अवलम्बन गरीनेछ ।

२.३.१. प्रत्येक घर परिवारमा तोकिएका शैक्षिक भौतिक सामाग्री सहितको पढाइ कुनाको व्यवस्थापन गरीनेछ । अभिभावक शिक्षा मार्फत यसको प्रर्वद्धन गरीनेछ ।

२.३.२. प्रत्येक घर परिवारमा दूर शिक्षा, अनलाइन शिक्षा तथा पत्राचार शिक्षाको लागि आवश्यक पूर्वाधारका रुपमा रेडियो,टेलिभिजन,वाईफाई नेटवर्क,मोवाइल नोटप्याड तथा कम्प्युटर जस्ता पूर्वाधारको विकास गर्न घरपरिवार विद्यालय नगरपालिका सफ्केदारी गरीनेछ ।

२.३.३. टोल शिक्षा,परिवार शिक्षा,गृह शिक्षा जस्ता शिक्षण पद्धतिको प्रर्वद्धन मार्फत विशेष परिस्थितिजन्य अवस्थामा शिक्षण सिकाइको निरन्तरता कायम गरीनेछ ।

**नीति ३**

३ गुणस्तरीय माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने

**रणनीति**

३.१. प्रत्येक सार्वजनिक विद्यालयको जोनिंग गरी उक्त जोनिंग क्षेत्रमा स्थायी वसोवास गर्ने वालवालिकाहरुको लागि निशुल्क माध्यमिक शिक्षाको सुनिश्चतता गरीनेछ ।

३.२. प्रत्येक माध्यमिक तह सञ्चालन भएका संस्थागत विद्यालयहको जोनिंग गरी संस्थागत विद्यालयवाट प्रदान गरीने छात्रवृति जोनिंग क्षेत्रमा स्थायी वसोवास गर्ने वालवालिकाहरुलाई पहिलो प्राथमिकतामा राखी प्रदान गरीनेछ ।

**कार्यनीति**

३.१.१. १३ वर्षदेखि १६ बर्षसम्म उमेर समूहका बालबालिकाका लागि गुणस्तरीय तथा सान्दर्भिक माध्यमिक शिक्षामा पहुंच वृद्धि गरीनेछ

३.१.२. जोनिंग क्षेत्रका विद्यार्थीहरुलाई भर्ना गरी निशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने दायित्व सम्वन्धित सार्वजनिक विद्यालयवाट वहन गरीनेछ ।

३.१.३. कर्णाली प्रदेश सरकारसँगको साफ्केदारीमा प्रत्येक सार्वजनिक माध्यकिक विद्यालयहरुमा न्यूनतम् विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरीनेछ ।

३ १ ४ विद्यालय तहमा सञ्चालन हुने प्राविधिक तथा व्यवसायिक धारको पठनपाठनलाई एकिकृत रुपमा सञ्चालन गर्न वहुप्राविधिक तथा व्यवसायिक माद्यमिक विद्यालयहरु सञ्चालन गरीनेछन् ।

३.२.१. संस्थागत माध्यमिक विद्यालयहरुलाई सेवामूलक रुपमा सञ्चालन गर्न प्रोत्साहित गरीनेछ । संस्थागत विद्यालयमा लागत उठ्ती अवधारणाका आधारमा विद्यार्थी शुल्क निर्धारण गरीनेछ ३.२.२. सार्वजनिक तथा संस्थागत माध्यमिक विद्यालय साफ्केदारीलाई जोड दिइ आधारभूत तहमा सार्वजनिक

पूर्वाधारमा संस्थागत व्यवस्थापनका आधारमा कल्याणकारी अवधारणामा विद्यालय सञ्चालन विधिलाई प्रोत्साहित गरीनेछ ।

३.२.२. कर्णाली प्रदेशका अपांगगता भएका वालविलकाहरुको गुणस्तरीय माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नका लागि सिद्ध वालकको स्कूललाई कर्णाली प्रदेशसँगको साझेदारीमा नमुना विद्यालयको रुपमा विकास गरीनेछ ।

३.२.३. कम्पनी र निजी गुठीमा दर्ता भइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुलाई कम्पनी र निजी गुठीवाट सार्वजनिक गुठीमा रुपान्तरण गर्न प्रोत्साहन गरीनेछ। र नयाँ अनुमति लिइ सञ्चालन हुने विद्यालयहरुलाई सार्वजनिक गुठीमा मात्र दर्ता गरेर मात्र सञ्चालन अनुमति प्रदान गरीनेछ ।

३.२.४. प्राविधिक तथा व्यावसायिक शिक्षालाई सीपयुक्त बनाई स्थानीय रोजगारी तथा स्वरोजगारी सृजनामा केन्द्रित गरीनेछ । संस्थागत विद्यालयहरुलाई समेत प्राविधिक तथा व्यवसायिक धारका माध्यमिक विद्यालय सञ्चालन गर्न प्रोत्साहन गरीनेछ ।

३.२.५. कक्षा ११ र १२ मा विशिष्टीकृत विषय विद्यालय सञ्चालन गरीनेछ । विद्यालय अनुमति तथा कक्षा थपका लागि अनुमति पूर्व न्यूनतम् पूर्वाधारको सुनिश्चिततामा विशेष ध्यान दिइनेछ ।

**नीति ४**

४. शिक्षक सक्षमता प्रणालीको विकासमा स्वचालित प्रणालीको स्थापना गरी प्रभावकारी रुपमा शिक्षक विकास र व्यवस्थापन गर्ने ।

**रणनीति**

४.१. विद्यालयमा आधारित शिक्षक सक्षमता प्रणालीको प्रर्वद्धन गरीनेछ

४.२. पेशागत सक्षमता विकासमा शिक्षक स्वं नै जिम्मेवार रहने प्रणालीको विकास गरीनेछ

**कार्यनीति**

४.१.१. कक्षा अवलोकन, नमुना कक्षा प्रस्तुती तथा पृष्ठपोषण, सामूहिक शिक्षक अन्तरक्रिया वैठकका आधारमा विद्यालयमा आधारित शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरीनेछ ।

४.१.२. प्रत्येक विद्यालयमा अनुभवी र योग्य प्रधानाध्यापकको व्यवस्थापन गरी प्रधानाध्यापक मार्फत विद्यालयका शिक्षक कर्मचारीको सक्षमता विकास गरीनेछ ।

४.१.३. स्वचालित रुपमा शिक्षण सिकाइका वदलिदा विधी प्रविधि र नविनतम् ज्ञानसँग शिक्षक अद्यावधिक हुने प्रणाली विकास गरीनेछ ।

४.१.४. प्रधानाध्यापकको कार्य सम्पादन मूल्यांकन गरी उत्कृष्ट कार्य सम्पादन भएका प्रधानाध्यापकहरुलाई प्रोत्साहित र कमजोर कार्य सम्पादन भएका प्रधानाध्यापकहरलाई सक्षम प्रधानाध्यापकवाट प्रतिस्थापित गरीनेछ । यसका लागि खुला प्रतिर्ष्पर्धावाट प्रधानाध्यापक छनौटको नीति अवलम्वन गरीनेछ ।

४.१.५. प्रधानाध्यापकलाई विद्यालयको सुधार विकास र उन्ययनका लागि जिम्मेवार र जवाफदेही वनाइनेछ । प्रधानाध्यापकले हरेक शैक्षिक सत्रको वैशाख ७ गतेभित्र नगर शिक्षा प्रमुखसँग कार्य सम्पादन करार गरी विद्यालयमा शैक्षिक सुधार र उन्नययनको अभियान प्रारम्भ गर्नेछ । वैशाख १० गतेभित्र विद्यालयका प्रत्येक शिक्षक र कर्मचारीहरुले प्रधानाध्यापकसँग कार्य सम्पादन करार गरी विद्यालयले प्रारम्भ गरेको शैक्षिक सुधार र उन्नययनको अभियानमा आफूलाई समाहित गर्नेछन् ।

४.१.६. प्राधानाध्यापलाई सम्पूर्ण प्रशासनिक र प्राज्ञिक अधिकार रहनेछ । विद्यालयको प्रत्येक शिक्षक र कर्मचारी पेशागत वृति विकासको अवसर र सेवासुविधाका लागि प्रधानाध्यापकप्रति जवाफदेही रहनेछन् । प्रधानाध्यापकको लिखित स्वीकृति वेगर कुनै पनि शिक्षक तथा कर्मचारी कुनै काज तालिम तथा अन्य कार्यमा सहभागी हुन सक्नेछैन र कुनै निकायले खटाउन सक्नेछैन ।

४.१.७. प्रत्येक वर्ष मापदण्डमा आधारित प्रधानाध्यापकको मूल्यांकनका आधारमा प्रत्येक विद्यालयवाट एकजना शिक्षकलाई नगद पुरस्कार सहित प्रोत्साहन प्रदान गरीनेछ ।

४.१.८. प्रत्येक शैक्षिक सत्रको वैशाख ७ गते भित्र प्रधानाध्यापकले विद्यालयका शिक्षक कर्मचारीको कार्य सम्पादन स्थिति प्रतिवेदन तयार गरी नगर शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

४.१.९. प्रत्येक शैक्षिक सत्रको चैत्र मसान्तभित्र शिक्षक सक्षमता प्रर्वद्धन कार्यक्रम सञ्चालन गरीनेछ । यस कार्यक्रम अन्तर्गत वर्ष शिक्षक विकास र छनौटका लागि शिक्षक परीक्षा सञ्चालन गरी वर्ष शिक्षक छनौट गरेर विशेष रुपमा सम्मान गर्ने कार्यक्रम तर्जुमा गरीनेछ ।

४.१.१०. शिक्षकको पेशागत विकासमा सहयोग पुर्याउन शिक्षक क्षमता विकास विज्ञ समूह गठन गरी परिचालन गरीनेछ । शिक्षक क्षमता विकास कार्यक्रमलाई विद्यालयमा आधारित वनाइनेछ ।शिक्षकहरुलाई आ(आफ्नो विषयको विद्यार्थी सिकाइ उपलब्धीको लागि जवाफदेही बनाइनेछ ।

४.२.१ शिक्षकहरुमा हरहमेसा सिक्न र सिकाउन तत्पर रहने मनोवृतिको विकास गरीनेछ ।

४.२.२. नविनतम् शिक्षण प्रविधि र नविनतम् ज्ञानको संसारसँग परिचित रही सोको शिक्षण सिकाइमा प्रयोग गर्न समर्थ वनाउन स्वअध्ययनलाई उच्च प्राथमिकता दिने शिक्षक मनोवृतिको विकास गरीनेछ ।

४.२.३. म जिम्मेवार शिक्षक अभियान सञ्चालन गरी शिक्षकहरुमा पेशागत क्षमता विकास गर्नुका साथै पेशागत अनुशासन कायम गरी उच्च पेशेवर शिक्षक प्रणालीको विकास गरीनेछ ।

४.४. नगरस्तरमा दलीय आस्था र विचार निकट रही स्थापना गरीएका शिक्षक कर्मचारीका दलगत ट्रेड यूनियन तथा संगठनहरु भन्दा शिक्षक कर्मचारीका

पेशागत हक, हितको रक्षा तथा व्यावसायिक दक्षता अभिबृद्धिको लागि नगरस्तरमा आधिकारिक रुपमा एक मात्र शिक्षक कर्मचारी पेसागत महासंघरहने कानूनी प्रावधान गरीनेछ ।

४.२ .५. प्रधानाध्यापक नियुक्तिको पूर्व शर्तका रुपमा सूचना प्रविधिको प्रायोगिक सक्षमता रहनेछ । प्रत्येक शिक्षकहरुमा सूचना प्रविधिको न्यूनतम् जानकारी र प्रायोगिक सीपको विकास सुनिश्चित गरीनेछ । शिक्षक र विद्यालयको साझेदारीमा एक शिक्षक एक ल्यापटपको प्रवन्ध गरीनेछ ।

४.२.६. प्रत्येक २/२ बर्षमा शैक्षिक सत्र शुरु हुनु अगावै विद्यार्थी संख्या, विषय, संचालित कक्षा र तहको आधारमा विद्यालयहरुको वितरण, पुनर्वितरण, कक्षा तथा तह थप, कक्षा तथा तहबन्द, कक्षा तथा तह गाभ्ने, विद्यालय सार्ने, गाभ्ने तथा विद्यालय वन्द गर्ने काम गरी विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरीनेछ ।

**नीति ५**

५. प्रत्येक विद्यालयमा शिक्षण सिकाइको प्रभावकारी सञ्चालन गर्नका लागि न्यूनतम् सक्षमताको वातावरण निर्माण गर्ने

**रणनीति**

५.१. विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाका सूचकहरु परिभाषित गरीनेछ ।

५.२. विद्यालय, समुदाय, स्थानीय तह, कर्णाली प्रदेश तथा नेपाल सरकारको साझेदारीमा विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गरीनेछ ।

**कार्यनीति**

५.१.१. विद्यालयमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरीनेछ । प्रत्येक शैक्षिक सत्रमा विद्यालयको भौतिक पुर्वाधारको अध्ययन गरी सुधारको कार्ययोजना तय गरीनेछ ।

५.१.१. विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न अभिभावक समुदाय तथा स्थानीय स्तर र राष्ट्रिय स्तरका संघसंस्थाको सहयोग एकिकृत रुपमा परिचालन गरीनेछ ।

५.२.१. वडा कार्यालय र नगरपालिकामा उपलव्ध स्रोतलाई विद्यालयमा सक्षमता अवस्था सुनिश्चित गर्न पहिलो प्राथमिकता दिइ परिचालन गरीनेछ ।

५.२.२. प्रत्येक विद्यालयमा खेलकुद पूर्वाधार (खेलमैदान,खेलकुद शिक्षक र खेल सामग्री) को व्यवस्थापन गरीनेछ । प्रति विद्यालमा खेलकुद अनुदान दिन वजेट र कार्यक्रम निर्माण गरीनेछ ।

५.२.३. विद्यालयहरुको पूर्वाधारलाई सूचना प्रविधिमैत्री वनाइ विद्यालाई सूचना र प्रविधि सिकाइको केन्द्रका रुपमा मात्र नहेरी संवाहकका रुपमा विकास गर्ने ।

५.२.४. सुरक्षित विद्यालय, सुरक्षित समुदाय कार्यक्रम सञ्चालन गरी प्रत्येक विद्यालयमा भूकम्प प्रतिरोधी भौतिक संरचना र विभिन्न जोखिम विरुद्ध आम चेतना कार्यक्रम कार्यान्वयन गर्ने ।

**नीति ६**

६. विद्यालय अनुगमन निरीक्षण तथा सुपरीवेक्षणलाई विद्यालयमा गुणस्तरीय तथा नियमित पठनपाठन र शिक्षक पेशागत विकासको पूर्व शर्तका रुपमा परिचालन गरीनेछ ।

**रणनीति**

६.१. विद्यालयमा आन्तरिक सुपरीवेक्षणमा जोड दिइने

६.२. आवधिक नियमित तथा आकस्मिक रुपमा वाह्य विज्ञ समूह मार्फत सुपरीवेक्षण र पृष्ठपोषण सेवा प्रदान गर्ने

**कार्यनीति**

६.१.१. प्रत्येक विद्यालयमा अनुभवी र योग्य प्रधानाध्यापकको व्यवस्थापन गरी प्रधानाध्यापक मार्फत विद्यालयका शिक्षक कर्मचारीको कार्यसम्पादनको नियमित रुपमा आन्तरिक सुपरीवेक्षणको व्यवस्था गरीनेछ ।

६.२.१. शिक्षक क्षमता विकास विज्ञ समूह गठन गरी आवधिक, नियमित तथा आकस्मिक रुपमा प्रधानाध्यापक तथा शिक्षकहरुको कार्यसम्पादनको सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गरीनेछ ।

**नीति ७**

७. संविधानमा उल्लेख शिक्षा सम्वन्धी हकको सुनिश्चितता, विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या, कार्यरत शिक्षक संख्या, विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चितता र गुणस्तरीय शिक्षा तथा समतामूलक शिक्षालाई शैक्षिक लगानीको आधारका रुपमा आत्मसात गर्ने ।

**रणनीति**

७.१. सक्षम नागरीक उत्पादन गर्ने लक्ष्य राखी शिक्षालाई उच्च प्राथमिकता दिइ लगानी गरीनेछ ।

७ २. विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चितता गर्ने गरी शिक्षामा लगानी गरीनेछ ।

७.३. सार्वजनिक निजी साझेदारी मार्फत लगानीको अपर्याप्तता पूरा गरीनेछ ।

**कार्यनीति**

७.१.१. हरेक आर्थिक बर्षमा बजेट तर्जुमा गर्दा संघीय तथा प्रादेशिक सरकारबाट शिक्षाको लागि छुट्याइएर आएको शीर्षकगत बजेट बाहेक नगरमा प्राप्त एकमुष्ट अनुदान तथा आन्तरिक स्रोतबाट २० प्रतिशत बजेट शिक्षा क्षेत्रको लागि विनियोजन हुने व्यवस्था गरीनेछ ।

७.२.१. विद्यालमा “शैक्षिक अनुदान निकासाको मुख्य आधार, विद्यालमा न्यूनतम् पूर्वाधार'' कार्यक्रम सञ्चालन गरीनेछ । कम्तिमा तीन वर्ष भित्र प्रत्येक विद्यालमा न्यूनतम् सक्षमता (पर्याप्त कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, घेरावार, पुस्तकालय,सूचना प्रविधि र विज्ञान प्रयोगशाला) को अवस्था सुनिश्चित गर्न विद्यालय, समुदाय, वडाकार्यलय, नगरपालिका र

संघसंस्था साझेदारी अभियान सञ्चालन गरीनेछ ।प्रत्येक शिक्षकलाई शैक्षिक सामग्री अनुदान दिने नीति लिइनेछ ।

७.३.१. विद्यालय जाउँ,सहयोगी हात वढाउ अभियान सञ्चालन गरी विद्यालको पूर्वाधार विकासमा समुदाय र अभिभावकलाई महत्वपूर्ण स्रोतको रुपमा परिचालन गर्ने ।

७.३.२. नगर क्षेत्रभित्रको शैक्षिक लगानीको आवश्यकता एकद्धार पद्धतिवाट व्यवस्थापन गर्न नगर शिक्षा कोषको स्थापना गरीनेछ । उक्त कोष स्वायत्त रहनेछ । यस कोषमा नगरपालिकावाट विनियोजित रकम, नगरको शिक्षा क्षेत्रमा काम गर्ने सामाजिक संघसंस्था,सार्वजनिक विद्यालय र संस्थागत विद्यालयको आन्तरिक आयको तोकिए अनुसारको रकम लगायत अन्य रकम रहनेछन् । यस कोषमा रहने रकम आर्थिक वर्षको अन्तमा फ्रिज भइ नजाने व्यवस्था गरीनेछ ।

**नीति ८**

८.१. प्रत्येक व्यक्तिका लागि जिवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्ने ।

**रणनीति**

८ १ प्रत्येक समुदाय स्तरमा सिकाइ केन्द्रको संस्थागत विकास गरी जिवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गरीनेछ ।

**कार्यनीति**

८.१. महिला तथा आर्थिक रुपले विपन्न समुदायलाई केन्द्रविन्दुमा राखी युवा तथा प्रौढहरुलाई अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको माध्यमबाट जीवनपयोगी, आधारभूत गणितीय तथा साक्षरता सीप प्रदान गरीनेछ ।

८.२. विद्यालय जान नसकेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई वैकल्पिक तथा खुला शिक्षाको माध्यमबाट शिक्षा प्राप्त गर्ने र प्रमाणीकरण गर्ने व्यवस्था गरीनेछ। सामुदायिक सिकाइ केन्द्रको सहजीकरणमा अनौपचारिक सिकाइको प्रवलीकरणका लागि निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गरीनेछ।

८.३. समुदाय स्तरमा जिवन पर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न सिकाइ केन्द्रको संस्थागत विकास र विस्तार गरीनेछ । विद्यालयलाई समेत जिवनपर्यन्त सिकाइको केन्द्रका रुपमा विकास गरीनेछ।

८.४. आफ्ना सन्ततीहरुमा असल परिवारिक तथा सामाजिक मूल्यमान्ताको हस्तान्तरण गर्न दायित्व परिवारमा निहित गरी प्रत्येक परिवारलाई स्वं जिवनपर्यन्त शिक्षाको केन्द्रका रुपमा विकास गरीनेछ ।

८.५. सूचना र प्रविधिको द्रुततर विकास र राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा देखिएका परिवर्तनसँग निरन्तर साक्षात्कार गरी आफूलाई विश्व नागरीकको रुपमा विकास गर्ने परिवेशको सिर्जना र प्रयोग गर्न प्रत्येक नागरीकलाई सक्षम वनाउने वातावरण निर्माण गरीनेछ ।

**नीति ९**

९. नगरपालिका क्षेत्रमा सञ्चालित शैक्षिक संस्थाहरुमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

**रणनीति**

९.१. प्रत्येक विद्यालयको प्रत्येक वर्ष प्राप्त नतिजाको आधारमा स्तरीकरण गर्ने

९.२. प्रत्येक विद्यार्थीको उच्चतम् सिकाइ उपलव्धी अभिवृद्धि गर्ने

**कार्यनीति**

९.१.१. नगरपालिका स्तरमा प्रत्येक विद्यालय र विद्यार्थीको न्यूनतम् नतिजा सूचक निर्धारण गरीनेछ

९.१.२. प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षले वडा शिक्षा समितिसँग, प्रधानाध्यापकले नगर शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखसँग र शिक्षकले प्रधानाध्यापकसँग नतिजा सूचकमा आधारित रहेर कार्यसम्पादन करार गरीनेछ

९.१.३. दुई वर्ष लगातार निर्धारित नतिजा सूचक प्राप्त गर्न नसक्ने विद्यालयलाई शैक्षिक हिसावले जोखिममा रहेको विद्यालयमा स्तरीकरण गरी तत्काल सुधारको योजना निर्माण र कार्यान्वयन गरीनेछ

९.१.४. तेस्रो वर्षसम्म पनि न्यूतम् नतिजा सूचक प्राप्त गर्न नसक्ने विद्यालयका विद्यार्थीको शिक्षण सिकाइ समयमा वृद्धि गरी उपचारात्मक शिक्षण लगायत शिक्षणसिकाइका वैकल्पिक रणनीति अवलम्वन गरीनेछ

९.१.५. लगातार चौथो वर्षसम्म पनि न्यूनतम् शैक्षिक नतिजा सूचक प्राप्त गर्न नसक्ने विद्यालयलाई पुनसंरचित गरीनेछ

९.१.६. न्यूनतम् नतिजा सूचक प्राप्त नगर्ने शिक्षकलाई दण्डात्मक नीति अलवम्वन गरीनेछ ।

९.१.७. लगातार पाँचवर्षसम्म अधिकतम नतिजासूचक प्राप्त गर्ने विद्यालय र शिक्षकलाई उच्च नतिजा प्राप्त गर्ने विद्यालयका रु र शिक्षकको रुपमा प्रोत्साहित गरीनेछ ।

९.१.८. प्रत्येक वडामा नमुना विद्यालय विकास गरी सञ्चालन गरीनेछ । प्रत्येक विद्यालयमा विशिष्टीकृत नमुना विद्यालको विकास गर्न विद्यालय,वडापालिकार नगरपालिका वीच साझेदारी गरीनेछ ।

९.१.९. शिक्षामा गुणस्तर वृद्धि गर्न तथा शिक्षामा नव प्रर्वतन गर्न अनुसन्धान र विकासलाई महत्वपूर्ण साधनको रुपमा प्रयोग गरीनेछ

९.१. १०. सूचना प्रविधिलाई प्रभावकारी शिक्षण सिकाइको माद्यमका साथै शिक्षण सिकाइको अन्तरवस्तुका रुपमा आत्मसात गर्ने

९.२.१. विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक मूल्याङ्कन प्रणालीको विकास गरीनेछ ।

९.२.२. निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि

प्रधानाध्यापकलाई जिम्मेवार वनाइनेछ ।

९.२.३. प्रत्येक विद्यालयले प्रत्येक महिना सर्वोत्कृष्ट विद्यार्थीको छनौट गरी पुरस्कृत गरीनेछ । विद्यार्थी सिकाइ उपलब्धीको समीक्षा गरी शिक्षण सिकाइ सुधारका उपायहरु पहिल्याइनेछ । मूल्याङ्कनको अभिलेखीकरण र प्रमाणिकरणलाई व्यवस्थित गरीनेछ

९.२.४. सिकाइ स्तर कमजोर भएका वालवालिकाको सिकाइ स्तर वृद्धि गर्नका लागि शिक्षक अभिभावक र विद्यार्थीवीच सहकार्य गरी उपचारात्मक शिक्षण सञ्चालन गरीनेछ ।

**नीति १०**

१०. विद्यालय तहको पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी वनाइने छ ।

**रणनीति**

१०.१. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुनेगरी छुट्याइएको पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनपयोगी एवम् समसामयिक बनाइनेछ ।

१०.२. शिक्षकवर्गहरुमा पाठ्यक्रमलाई शिक्षण सिकाइको केन्द्रको रुपमा आत्मसात गराइ पाठ्यक्रमको सारभूत कार्यान्वयनमा जोड दिइनेछ ।

**कार्यनीति**

१०.१.१. विद्यालयगत रुपमा स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गरीनेछ ।

१०.१.२. शिक्षक स्वंमा विज्ञता विकास गरी स्थानीय पाठ्यक्रम निर्माण गरीनेछ ।

१०.२.१. राष्ट्रिय रुपमा तयार नमुना पाठ्यपुस्तकलाई मुख्य सन्दर्भ सामाग्रीको रुपमा लिई संघीय, प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुलाई खुला सन्दर्भ सामग्रीहरुको खोजी र प्रयोग गर्दै पठनपाठन गर्ने नीति अवलम्वन गरीनेछ ।

१०.२. २. शिक्षाको माध्यम भाषा मातृभाषा, नेपाली वा अंग्रेजी हुन सक्नेछ । सम्बन्धित भाषा विषयको माध्यम सोही भाषा हुनेछ । तर कुनै पनि विद्यार्थी वा विद्यालयमा कुनै एक मात्र भाषालाई अनिवार्य बनाउन पाइने छैन । भाषिक माध्यमलाई विद्यार्थी, शिक्षक, अभिभावक र समुदायको आवश्यकताको आधारमा छनौट गर्ने अवसर उपलब्ध गराइनेछ ।

१०.२.३. कक्षा १-३ मा एकिकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरुमा आवश्यक क्षमताको विकास गरीनेछ ।

**नीति ११**

११. वालवालिकामा रहेको अन्तरनिहित प्रतिभाको पहिचानको माद्यमका रुपमा विद्यालय शिक्षालाई प्रयोग गर्ने ।

**रणनीति**

११.१. प्रतिभावान वालवालिकाहरुको अन्तरनिहित प्रतिभा प्रष्फुटणका लागि प्रतिभा

पहिचान,विकास र प्रर्वद्धन कार्यक्रम सञ्चालन गर्ने ।

**कार्यनीति**

११.१.१. विद्यालय स्तरमा वालवालिकाहरुको अन्तरनिहित प्रतिभाको प्रष्फुटणका लागि विभिन्न प्रकारको अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गरीनेछ ।

११.१.२ नगर स्तरमा आवधिक रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरीनेछ ।

११.१.३. वहुप्रतिभाशाली वालवालिकाहरुको प्रतिभा प्रर्वद्धनका लागि प्रतिभा प्रर्वद्धन विद्यालयहरु सञ्चालन गरीनेछ ।

**नीति १२**

१२ .नगरपालिका भित्र संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई प्रभावकारी रुपमा व्यवस्थापन गरीनेछ ।

**रणनीति**

१२.१. नगरपालिका भित्र संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटोअवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन,  मूल्याङ्कन र अभिलेखीकरण गरीनेछ ।

**कार्यनीति**

१२.१. नगरपालिका भित्र संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण गर्न नियमित तथा आकस्मिक रुपमा अनुगमन तथा निरीक्षण गरीनेछ ।

**नीति १३**

१३. विद्यालयलाई शान्ती क्षेत्रको रुपमा आत्मसातकरण गरी विद्यालय भित्र कुनै पनि राजनीतिक, हिसात्मक तथा विभेदजन्य गतिविधि गर्न नपाइने व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने ।

**रणनीति**

१३.१. विद्यालय परिसरमा कुनै पनि राजनीतिक, हिसात्मक तथा विभेदजन्य गतिविधि गर्न नपाइने व्यवस्थाको सुनिश्चितता गरीनेछ ।

**कार्यनीति**

१३.१.१. नगरपालिका स्तरमा राजनीतिक दलहरुवीच आमसहमति कायम गरी विद्यालय परिसरमा कुनै पनि समयमा राजनैतिक गतिविधि गर्न नहुने व्यवस्था गरीनेछ ।

१३.१.२. विद्यालयमा दण्डरहित शिक्षण सिकाइ प्रक्रियाको सुनिश्चितता गरीनेछ । शिक्षण सिकाइका क्रममा कुनै पनि प्रकार (शारीरिक, मानसिक र सांकेतिक) दण्डलाई निरुत्साहित गरी त्यस्ता गतिविधिमा संलग्न हुनेहरुलाई दण्डको

भागिदार वनाइनेछ ।

१३.१.३. विद्यालय प्रशासनको नेतृत्वमा वालमैत्री,छात्रामैत्री तथा अपांगमैत्री विद्यालय वातावरणको सुनिश्चिचता गरीनेछ

**नीति १४**

१४. परम्परागत विद्यालय, खुला विद्यालय, विशेष विद्यालय लगायतका वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।

**रणनीति**

१४ .१. परम्परागत विद्यालय, खुला विद्यालय, विशेष विद्यालय लगायतका वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरीनेछ ।

**कार्यनीति**

१४ .१. १. परम्परागत विद्यालय, खुला विद्यालय, विशेष विद्यालय लगायतका वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्न सक्षम नेतृत्व, संस्थागत क्षमता विकास र नियमनमा विशेष जोड दिइनेछ ।

१४ .१.२. प्रत्येक घरमा पढाइ कुनाको व्यवस्थापन गरी प्रत्येक अभिभावकहरुमा कम्तिमा आधारभूत तहसम्मको शिक्षाको सहजीकरण गर्न सक्ने सक्षमताको विकास गरेर परिवार शिक्षा पद्धतिको कार्यान्वयन गरीनेछ ।

**नीति १५**

१५. शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई सुशासनको मान्यता अनुसार सञ्चालन गर्ने ।

**रणनीति**

१५.१. शैक्षिक प्रशासनलाई स्वतन्त्र र स्वायत्त वनाइ सुशासनको मान्यता अनुसार सञ्चालन गरीनेछ ।

**कार्यनीति**

१५.१. १. विद्यालयका भौतिक, शैक्षिक, आर्थिक र मानवीय पक्षलाई व्यवस्थित गर्नको लागि शिक्षक, अभिभावक र विद्यार्थीको सहभागितामा जिम्मेवारी किटानी सहितका विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक संघ लगायतका समिति तथा उपसमितिहरुको निर्माण तथा कार्यान्वयन गरीनेछ

१५.१.२. नगर स्तरमा बन्ने नीति, ऐन, नियम तथा कानून निर्माणमा शैक्षिक सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरीनेछ ।

१५.१. ३. विद्यालयहरुको नियमित रुपमा आन्तरिक परीक्षण, कार्यसम्पादन परीक्षण, सामाजिक परिक्षण र लेखा परीक्षण हुने व्यवस्था गरी उक्त प्रतिवेदन परीक्षणको लगत्तै सार्वजनिक गरीनेछ ।

१५.१.४. विद्यालयहरुमा गुनासो व्यवस्थापन प्रणालीको विकास गरी कार्यान्वयन गरीनेछ ।

१५.१.५. शिक्षा,युवा तथा खेलकुद शाखाको संस्थागत क्षमता विकास मार्फत शिक्षा विभागको रुपमा विकास गरीनेछ ।

**अपेक्षित नतिजा**

यस शिक्षा नितिको प्रभावकारी कार्यान्वयनवाट यस नगरपालिकाको क्षेत्र भित्र आगामी तीन वर्ष भित्र  साक्षरता दर सतप्रतिसत कायम भएको हुनेछ,प्रत्येक समुदाय स्तरमा जिवनपर्यन्त शिक्षाको सुनिश्चतताका लागि संस्थागत प्रवन्ध भएको हुनेछ,विद्यालय तहमा सतप्रतिसत भर्नादर कायम भएको हुनेछ प्रत्येक वडामा कम्तिमा एकवटा नमुना विद्यालय स्थापना भक्ष सञ्चालनमा आएका हुनेछन्, विद्यालयहरुमा प्राज्ञिक स्तरको विकास मार्फत शैक्षिक गुणस्तरको विकास गरीनेछ र प्रत्येक विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित भइ विद्यालयहरु र विद्यार्थीहरुले निर्धारित नतिजा सूचक प्राप्त गरेका हुनेछन् ।

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

भाग २, खण्ड ३, संख्या ११, मिति २०७७।१०।०४, मूल्य रु. : १०।-